श्री

# धनुषा जिल्ला अदालत

लेखा शाखा

फोन नं. ०४१-५२०१४५,५२११४६

कृपया पत्रोत्तरमा प्राप्त च.नं. र मिति उल्लेख गर्नुहोला ।

जनकपुरधाम ।

पत्र संख्या:-०७४/०७५
चलानी नं.:-
प्राप्त पत्र संख्या:-

मिति:- २०७४/१२/१८

## सुचना ! सुचना !! सुचना !!!

यस धनुषा जिल्ला अदालतको पुरानो कार्यालय भवन डाँक बढाबढ शिलवन्दी कोटेशन द्वारा लिलाम डाक बढाबढ गनुपर्ने भएकोले ईच्छुक नेपाली नागरिक,व्यक्ति,फर्म,कम्पनीहरु द्वारा यो सुचना प्रकाशन मितिले २१ दिन भित्र कोटेशन फारम खरिद गरि तपसिलको शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशन गरिएको छ ।

(१) रु.२,०००।-(नगद तिरि (फिर्ता नहुने गरि) प्रमाणित नागरिकता प्रमाणपत्र तथा अन्य कागजातहरु निवेदन साथ प्रस्तुत गरेपछि कोटेशन (डाक बढाबढ) फारम उपलब्ध गराएइने छ ।

(२) यसरी सुचना प्रकाशनको मितिले २१ दिन सम्म कोटेशन फारम विकि गरिने छ ।

(३) बाईसौं दिनको १०:०० बजे देखी १२:०० बजे भित्र उक्त कोटेशन लिलाम बिकी फारम दर्ता,गरि सक्नु पर्ने छ ।

(४) बाईसौ दिनको दिउसो २:०० बजे कोटेशन दाता तथा कार्यलय प्रतिनिधिको रोहवरमा शिलबन्दी कोटेशन खोलिने छ ।

(५) आफुले सकार गरेको कबोल अंकको ५% (पाँच प्रतिशत) धरौटी रकम रा.वा.बैक जनकपुर स्थित धरौटी खाता नं.१२२०२०३०००००० कायालय कोड नं.१७-२०४-०१ मा जम्मा गरेको दोश्रो प्रति सक्कल भौचर संलग्न गर्नुपर्ने छ ।

(६) आफूले साकार गरेको कवोल अंक,अंक तथा अक्षरमा प्रष्ट रुपले करमेट नगरी लेख्नु पर्ने छ ।

(७) अंक र अक्षरमा फरक परेमा अक्षर लाइ प्राथमिकता दिइनेछ ।

(८) लिलाम बिकी गर्नुपर्ने बस्तु भन्नाले जग्गा नभइ अदालतको पुरानो कार्यालय भवनको जे जस्तो स्थितीमा रहेको छ जगैदेखी सम्पुर्ण माल समान लाइ जनाउछ ।

(९) बढी डाक बढा बढ गर्ने को कोटेशन स्वीकृत गरिने छ ।

(१०) यसमा नपरेको कुरा प्रचलित कानून अनुसार हुने छ ।

(११) कोटेशन दाता प्रतिनिधिको उपस्थित नभएकमा पनि शिलवन्दी कोटेशन खोल्न बाधा पर्ने छैन ।

(१२) कोटेशन स्वीकृत गर्ने वा न गर्ने सर्वाधिकार यस अदालतमा निहित रहने छ ।

(१३) जुन ब्यक्ति,कम्पनी,फर्मले कोटेशन फारम खरिद गरेको रहेछ भन्ने सोही व्यक्तिले कोटेशन फारम दर्ता गराउनु पर्ने छ ।

(१४) कार्यालय समयमा उपस्थित भै बुझ्न पर्ने कुरा बुझ्न सक्ने छ ।

(१५) कोटेशन फारम भित्र कोटेशन फारम भरी दोश्रो प्रति भाउचर सलग्न गरी आफनो प्रमाणित प्रतिलिपीहरु शिलवन्दी गरी पेश गर्नु पर्ने छ ।

(१६) कुनै पनि शर्त कोटेशन दाताले राख्न पाईने छैन ।

...............

राधाकान्त झा
श्रेस्तेदार (उप-सचिव)